हरिवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिवन, सर्लाही
प्रदेश नं. २, नेपाल

**बिरूवा आपूर्ति सम्बन्धी सिलबन्दी दरभाऊपत्र आव्हानको सूचना**

(दोस्रो पटक प्रकाशन मिति : (२०७५/०७/१५ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख बिरूवा आपूति गर्न इजाजतप्राप्त इच्छुक फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाऊपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मितिले २०७५/०७/१९ सम्म दरभाऊपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनीदर्ताको प्रमाणित प्रमाणपत्र, मूल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र,को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख वोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार दरभाऊपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका दरभाऊपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी २०७५/०७/२० का दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाऊपत्र दर्ता गराउन सकिने छ ।

४) दरभाऊपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा नेपाल बैंक लिमिटेड शाखा कार्यालय हरिवन सर्लाहीमा रहेको धरौटी खाता १३२०३००००००००३०००००१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको (दरभाऊपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुनआएका सिलबन्दी दरभाऊपत्र फारामहरु यस कार्यालयमा दरभाऊपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा २०७५/०७/२० का दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि दरभाऊपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त दरभाऊपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका दरभाऊपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्रमा प्रत्येक आईटमको दररेट भ्याटबाहेकको अंक र अक्षरमाबुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७)दरभाऊपत्र सम्बन्धी अन्यशर्तहरु दरभाऊपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) दरभाऊपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४,(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०) दरभाऊपत्र सम्बन्धी थप जानकारीका लागि यस नगरपालिका कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| दरभाऊपत्र नं. | **बिरूवा** को नाम र आवश्यक संख्या | दरभाऊपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|
| ०४।२०७५।०७६ | दरभाऊपत्र पुस्तिकामा संलग्न बमोजिम | १,०००/- | २३,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**